# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०७९।०८०
चलानी नं.:

मिति:२०७९।०५।०१

विषयः- छात्रवृत्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९ भाद्र १ गते

बुद्धभूमि नगरपालिकाको समन्वय, स्ट्रोम फाउण्डेशन तथा किर्डाक नेपालको सहयोगमा यस नगरपालिका भित्र रहेका सिमान्तकृत तथा जेहन्दार विद्यार्थीहरुलाई प्राविधिक र अप्राविधिक विषयमा छात्रवृत्ति प्रदान गरिने भएकोले तपशिल बमोजिमका आधार, मापदण्ड पुरा गरेका विद्यार्थीहरुलाई यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र अनलाइन फारम भर्न हुन जानकारी गराइन्छ।

Online address: - https://samvad-scholarship.kirdarc.org

तपसिल

(१) प्राविधिक तर्फ छात्रवृत्ति प्रदान गरिने बिषयहरु

- स्टाफ नर्स
- जेटिए (पशु र कृषि)
- स्वास्थ्य सहायक
- सहायक ईन्जिनियर
- ल्याब प्राविधिक
- भूमि प्राविधिक ( अमिन)

(२) अप्राविधिक (सामान्य) विषयका लागि प्रदान गरिने छात्रवृत्ति

- माध्यमिक तह (कक्षा ९ र १०)
- माध्यमिक तह (कक्षा ११ र १२)
- स्नातक तह तर्फ

छनौटका आधार तथा मापदण्डः-

आधारहरूः-

२०७९/०५/०१

नि. प्रमुख प्रशासकीय अधिकृ

CamScanner

- छात्रवृत्ति प्राप्त गर्न आवेदन दिने आवेदक ग्रेजुएट फोरम (संवाद क्लब) वा किशोरकिशोरी नेटवर्क (आशा नेटवर्क) मध्ये एउटाको सदस्य भएको हुनुपर्नेछ। तर सदस्य नभएका विद्यार्थीहरुले विद्यालय वा वडा वा अपांगता संजाल तथा अन्य आधिकारिक निकायको सिफारिसमा आवेदन दिन सक्नेछन्।
- छात्रवृत्तिको कुल कोषको रकम कम्तिमा ८० प्रतिशत संवाद ग्रेजुएट फोरम वा किशोरकिशोरी नेटवर्कका सदस्यहरुलाई प्रदान गरिनेछ। स्थानीय अवस्थाको विश्लेषण गरी छात्रवृत्ति प्रदान गर्न आवश्यकता देखिएमा २० प्रतिशत अन्य (सम्वाद कार्यक्रम भन्दा बाहिर)लाई प्रदान गर्न सकिनेछ। तर यसमा यथेष्ठ आधारहरूले पुष्टि गर्नु पर्नेछ। द्रष्टब्यः- यो खण्ड वा आधार सामान्य छात्रवृत्तिको सन्दर्भमा मात्र लागु हुने छ।
- आवेदकले छात्रवृत्ति प्राप्त गर्नका लागि प्राविधिक शिक्षाको तोकिएको प्रवेश परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ वा प्राविधिक विषय अध्ययन गरिरहेको हुनुपर्नेछ।

मापदण्डहरुः-

शैक्षिक योग्यताः

- यो मापदण्डका लागि शैक्षिक ग्रेड प्रमुख आधार हुनेछ यस अन्तर्गत आबेदकले ४० प्रतिशत अंक प्राप्त गर्ने छन्। यसको निर्धारण गर्न शैक्षिक प्रमाण–पत्रलाई आधार मान्न सकिने छ।

सामाजिक पक्षः

- यो मापदण्डले सामाजिक विविधताका हरेक पक्षलाई समेट्ने कोशिस गरेको छ। जस अन्तर्गत निम्न तीन क्षेत्र समेटिएको छ।
- क. उम्मेदवारको जात र जाती

ख. अपाङ्गता

ग. लैङगिक समाजिक समाबेशीकरण।

यस मापदण्ड अन्तर्गतका लागि ३० प्रतिशत अंक छुट्याइएको छ ।

आर्थिक पक्षः

यो मापदण्डलाई तीन क्षेत्रमा विभाजन गरिएको छ

क. आय स्रोत

ख. सम्पति (जग्गा र सम्पत्ति)

ग. रोजगार स्थिति (आवेदक सदस्यहरू वा नजिकका नातेदारहरूको रोजगार स्थिति)

यस मापदण्डका लागि ३० प्रतिशत अंक छुट्याइएको छ।

१.०६.६।०४।०९

लिल बहादुर राउत क्षेत्री

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिक

CamScanner